# गैरआवासीय नेपाली संघ
## ललितपुर कार्यशाला - २०२२ का निष्कर्षहरु

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को आयोजनामा आज २१ जुलाई २०२२ का दिन ललितपुरस्थित होटेल हिमालयनमा "वैदेशिक रोजगार, सामाजिक सुरक्षा, लगानी तथा निक्षेप" विषयक एक दिने कार्यशाला सम्पन्न भयो । गैरआवासीय नेपाली संघले दशकौं देखि उठाउँदै आएका मागहरुलाई सम्बोधनका लागि नेपाल सरकारका सरोकारवाला निकायहरुसँग कार्यशालामा बृहद् छलफल भयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दिलेन्द्र प्रसाद बडू र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरज्यूको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत विज्ञ, नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू, नीजि तथा व्यवसायिक संघसंस्थाका प्रतिनिधि, सञ्चारकर्मी एवं विश्वभरबाट अनलाईन माध्यमबाट २०० भन्दा बढी गैरअवासीय नेपालीहरुको सहभागिता रहेको थियो । मुलतः वैदेशिक रोजगार, सामाजिक सुरक्षा, लगानी तथा वैदेशिक मुद्रा निक्षेप लगायतका विषयमा कार्यक्रममा बोल्ने वक्ताले आ-आफ्ना भनाई राख्नुभयो । उक्त छलफलबाट प्राप्त निष्कर्षहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

१ वैदेशिक रोजगारमा रहेका नेपालीको सुरक्षित भविष्यका लागि सामाजिक सुरक्षा कोषको दायरामा ल्याउन आवश्यक कार्यविधि बनाई तत्काल कार्यान्वयनका लागि एक उच्चस्तरीय संयन्त्रमार्फत आवश्यक प्रक्रियाहरु अघि बढाउनका लागि संघ र सामाजिक सुरक्षा कोषबीच सहमति पत्रमा हस्तारक्षर सम्पन्न भयो ।

२. तत्काल सामाजिक सुरक्षा कोषमा विदेशमा रहेका नेपालीलाई समेट्नको लागि कानूनी आधार तय गर्न उच्च स्तरीय राजनीतिक र प्रशासनिक तहमा लबिङ गर्न संघ प्रतिबद्ध छ । साथै वैदेशिक रोजगारीका क्रममा विभिन्न कारण मृत्यु भएका श्रमिकलाई हाल दिंदै आएको बिमा बापतको रकमलाई वृद्धि गरि ५० लाख सम्म पुऱ्याउन सरकारलाई यो संघ अनुरोध गर्दछ ।

३. वैदेशिक रोजगारबाट फर्किएका नेपालीहरुको ज्ञान सीप र प्रविधि नेपालको व्यवसायिक तथा आर्थिक विकासमा योगदान हुनेगरी पुनःएकीकरणसहित, नेपालमा रोजगारी सिर्जना, उद्यमशिलता विकास तथा वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरूको जीवनस्तर उकास्न सहयोगी हुने किसिमका सीपमुलक कार्ययोजना निर्माण तथा कार्यान्वयनमा नेपाल सरकारसँग सहकार्य गर्न संघ प्रतिबद्ध छ ।

४. गैरआवासीय नेपालीहरुलाई लक्षित गरी नेपालका बैंकमा खोलिने वैदेशिक मुद्राको (डलर खातां) खातामा बढी भन्दा बढी निक्षेप संकलन गर्न /गराउन तथा सहभागितामा वृद्धि गर्नको लागि नेपालका बैंक तथा नियामक निकायहरुसँग आपसी सहकार्य गरी यस अभियानलाई सफल पार्न संघ प्रतिबद्ध छ ।

५. गैरआवासीय नेपालीको लगानी नेपालमा भित्र्याउन सरल, सहज र अनुकूल वातावरण निर्माण गर्नुका साथै कानूनी बाधा अड्चन हटाई आवश्यक संशोधन गर्न संघ आग्रह गर्दछ ।

अन्त्यमा, यस कार्यशाला सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्ने नेपाल सरकार, सरोकारवाला, सञ्चारकर्मी एवं समस्त गैरआवासीय नेपाली लगायत सम्बन्धित सबैमा संघ हार्दिक आभार प्रकट गर्दछ ।

२१ जुलाई २०२२
ललितपुर, नेपाल ।